# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८० मिति:- २०७९/१०/०६

च.नं.

**विषय : माछा/मासुजन्य पसल व्यवस्थित गर्ने बारे अत्यन्त जरुरी सूचना ।**

यस शुक्लाफाँटा नगरपालिका अन्तर्गत माछा/मासु पसल संचालन सम्बन्धि न्यूनतम मापदण्ड पालना नगरेका, सडक किनारमा अस्थायी टहरा, खाट, टेवल राखि माछा/मासु विक्रि गर्ने पसलहरु संचालन भइराखेको जानकारी हुन आएकाले त्यस्ता अव्यबस्थित माछा/मासु पसलहरुले गर्दा वातावरण प्रदुषित भई पसल वरिपरिको सौन्दर्य तथा मानव स्वास्थ्यमा समेत गम्भिर असर पर्ने देखिन्छ । तसर्थ यस नगरपालिका अन्तर्गत संचालनमा रहेका सम्पूर्ण माछा/मासुजन्य पसलहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पसल व्यबस्थित गरी सरसफाई तथा माछा/मासु पसल संचालनका न्यूनतम मापदण्डहरु पालना गरी व्यवसाय दर्ता गर्न हुन सम्पूर्ण सरोकारहरुलाई सूचित गरिन्छ । यस सम्बन्धमा कुनै किसिमको सुझाव, सल्लाह आवश्यक रहेमा यस कार्यालयको पशु विकास शाखामा सम्पर्क गर्नहुन समेत अनुरोध छ।

अधिकृत सातौं